**वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिको प्रतिवेदन**

१. वैयक्तिक गोपनीयताका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा २ को,-

(१) खण्ड (ग) झिकी खण्डक्रम मिलाउने ।

(२) खण्ड (घ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ग) को,

(क) उपखण्ड (१) मा रहेको "नागरिकता," भन्ने शब्द झिक्ने ।

(ख) उपखण्ड (४) मा रहेको "नागरिकता" भन्ने शब्दको सट्टा "नागरिकताको प्रमाणपत्र" भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी खण्ड क्रम मिलाउने :-

"(च) "सार्वजनिक पद धारण गरेको व्यक्ति" भन्नाले सार्वजनिक निकायको कुनै पदमा निर्वाचित, मनोनित वा नियुक्ति भई बहाल रहेको व्यक्ति सम्झनु पर्छ ।"

२. विधेयकको दफा ५ को उपदफा (४) को सट्टा देहायको उपदफा (४) राख्ने :-

"(४) कुनै सार्वजनिक स्थानमा नियमित वा आकस्मिक सुरक्षा जाँचको लागि आफ्नो ओहदा अनुसारको चिन्ह र पोशाक लगाई कर्तव्य पालना गर्न खटिएको सुरक्षाकर्मीलाई यस दफाको प्रयोजनको लागि सुरक्षाजाँचको अख्तियारी भएको मानिनेछ ।"

३. विधेयकको दफा १० को,-

(१) उपदफा (३) मा रहेका "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरु झिक्ने ।

(२) उपदफा (४) मा रहेका "उपदफा (१) वा (२)" भन्ने शब्दहरुको सट्टा "उपदफा (१) वा (३)" भन्ने शब्दहरु राख्ने ।

४. विधेयकको दफा ११ को,-

(१) उपदफा (२) को खण्ड (ग) मा रहेको "नागरिकता" भन्ने शब्दको सट्टा "नागरिकताको प्रमाणपत्र" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (३) मा रहेका "सार्वजनिक निकायमा रहेको कुनै व्यक्तिको" भन्ने शब्दहरुको सट्टा "कुनै पनि व्यक्तिको सार्वजनिक निकायमा रहेको" भन्ने शब्दहरु राख्ने ।

(३) उपदफा (४) को खण्ड (क) पछि देहायको खण्ड (ख) थपी खण्डक्रम मिलाउने :-

"(ख) सार्वजनिक सेवा उपभोग गर्ने प्रयोजनको लागि कुनै व्यक्तिको पहिचान खुल्ने परिचयपत्र आवश्यक पर्ने भएमा,"

५. विधेयकको दफा १२ को उपदफा (६) को सट्टा देहायको उपदफा (६) राख्ने :-

"(६) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिको उमेर, योग्यता, चरित्र, यौनिकता, अपाङ्गता जस्ता विषयमा प्रश्न उठी अधिकार प्राप्त अधिकारीले माग गरेमा सम्बन्धित व्यक्तिले त्यस्तो विवरण वा कागजात उपलब्ध गराउनु पर्नेछ ।"

६. विधेयकको दफा १५ को उपदफा (३) को सट्टा देहायको उपदफा (३) राख्ने :-

"(३) कसैले कुनै पनि व्यक्तिको चरित्रमा आघात पार्ने, निजको बेइज्जती वा अपमान हुने, आत्मसम्मानमा ठेस पुग्ने वा पारिवारिक जीवनमा आँच आउने गरी कुनै पनि प्रकारको काम, कारबाही गर्न वा निजको आचरण वा व्यवहार सम्बन्धी कुनै पनि कुरा सार्वजनिक गर्न वा गराउन हुँदैन ।"

७. विधेयकको दफा १६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्ने :-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले कुनै सार्वजनिक ठाउँ वा कुनै व्यक्तिको तस्वीर खिच्दा त्यस्तो ठाउँमा रहेको अन्य कुनै व्यक्ति समेतको तस्वीर खिचिन गएकोमा त्यसलाई कसूर मानिने छैन ।

तर त्यसरी खिचिन गएको तस्वीर समेत उपदफा (१) विपरीत प्रयोग गर्न पाइने छैन ।"

८. विधेयकको दफा २२ को दफा शीर्षक पछिको शुरुमा "मुलुकको सीमा क्षेत्र वा" भन्ने शब्दहरु थप्ने ।

९. विधेयकको दफा २४ मा रहेका "सार्वजनिक पद धारण गरेको मानिने व्यक्तिको" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक पद धारण गरेको व्यक्तिको" भन्ने शब्दहरु राख्ने ।

१०. विधेयकको दफा २६ को उपदफा (१) को खण्ड (घ) मा रहेका "सार्वजनिक पद धारण गरेको मानिने व्यक्तिको" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक पद धारण गरेको व्यक्तिको" भन्ने शब्दहरु राख्ने ।

११. विधेयकको दफा ३३ मा रहेका “मानसिक अवस्था ठीक नभएको” भन्ने शब्दहरु पछि “वा बौद्धिक अपाङ्गता भएको” भन्ने शब्दहरु थप्ने ।

१२. विधेयकको दफा ३४ को सट्टा देहायको दफा ३४ राख्ने :-

“३४. **बाधा पुऱ्याएको नमानिने** : (१) यस ऐनमा लेखिएको कुनै कुराले उपदफा (२) मा उल्लिखित व्यक्तिका सम्बन्धमा देहाय बमोजिम गर्न बाधा पुऱ्याएको मानिने छैन :-

(क) अदालती कारबाहीको सिलसिलामा कुनै सूचना वा जानकारी प्राप्त गर्न,

(ख) कानून बमोजिम कुनै कसूरको अनुसन्धान वा अभियोजन गर्ने सम्बन्धमा कुनै व्यक्तिगत सूचना वा विवरण प्राप्त गर्न,

(ग) निजको सम्पत्ति सम्बन्धी विवरण प्रचलित कानून बमोजिम सार्वजनिक गर्न,

(घ) निजको शैक्षिक योग्यता, नागरिकता, राहदानी, सवारी चालक अनुमतिपत्र लगायतका पहिचान खुल्ने विवरण सम्बन्धित निकायले सार्वजनिक गर्न,

(ङ) छापाखाना तथा पत्रपत्रिका र राष्ट्रिय प्रसारण सम्बन्धी प्रचलित कानूनले निषेध गरेको कुरा बाहेक सार्वजनिक हित तथा पारदर्शिता कायम गर्ने वा अनुसन्धानमूलक पत्रकारिता गर्ने सिलसिलामा प्राप्त गरेको वा सङ्कलन गरेको कुनै सूचना, जानकारी, तथ्याङ्क, समाचार, तस्वीर व्यक्तिको गोपनियताको आधारभूत मान्यता प्रतिकूल नहुने गरी प्रकाशन वा प्रसारण गर्न वा कुनै किसिमले सार्वजनिक गर्न ।

(च) निजले सार्वजनिक रुपमा व्यक्त गरेको मन्तव्य, विचार वा सार्वजनिक रुपमा आयोजित कार्यक्रममा खिचिएको श्रव्यदृश्य तथा तस्वीर प्रकाशन वा प्रसारण गर्न,

(छ) निजको सम्पत्ति तथा खण्ड (घ) बमोजिमको विवरण वा निजले सार्वजनिक रुपमा व्यक्त गरेको मन्तव्य, विचार वा निजको सार्वजनिक कार्यसँग सम्बन्धित विवरणका सम्बन्धमा आधार, कारण वा प्रमाण सहित स्वस्थ टिकाटिप्पणी गर्न ।”

(२) उपदफा (१) को प्रयोजनको लागि "व्यक्ति" भन्नाले देहायका व्यक्ति सम्झनु पर्छ :-

(क) सार्वजनिक पद धारण गरेको व्यक्ति,

(ख) सार्वजनिक पदमा नियुक्ति, मनोनयन वा निर्वाचित हुने औपचारिक प्रकृयामा सामेल भएको वा सो पदमा सिफारिस भएको व्यक्ति,

(ग) सार्वजनिक पदबाट सेवा निवृत्त वा पद मुक्त भएको व्यक्ति,

(घ) सार्वजनिक रुपमा चिनिएको वा सार्वजनिक चासो वा सरोकारमा पर्ने व्यक्ति,

(ङ) सार्वजनिक हित, सदाचार वा नैतिकताको कारणले वा कानून विपरीत भएको वा हुन लागेको कार्यको बारेमा सर्वसाधारण समक्ष सूचना वा जानकारी प्रवाह गराउनु पर्ने देखिएको व्यक्ति ।"

१३. विधेयकको दफा ३५ मा रहेका "प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि" भन्ने शब्दहरु झिक्ने ।